# <u>पुतलीबजार नगरपालिकाको पाचौं नगरसभामा प्रस्तुत आर्थिक वर्ष २०७६/७७ को बजेट बक्तव्य</u>

**यस गरिमामय पाचौं नगर सभाका सभाध्यक्षज्यू,**

**सभाका सम्पूर्ण सभा सदस्यज्यूहरु,**

नेपालको संविधानको धारा ५९ को उपधारा (३), अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०४ को दफा २१ को उपदफा (३) तथा स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको व्यवस्था अनुसार आज हामी पुतलीबजार नगरपालिको पाँचौ नगर सभाको बजेट अधिवेशन सम्पन्न गर्न गईरहेको छौं । यस गरिमामय नगर सभामा सहभागी हुनुहुने सम्पूर्ण सभा सदस्यज्यूहरुमा हार्दिक स्वागत अभिवादन व्यक्त गर्दछु ।

आज २०७६ आषाढ १० गते पुतलीबजार नगरपालिकाको गरिमामय पाँचौ नगर सभा समक्ष बार्षिक बजेट प्रस्तुत गर्न पाउँदा संघिय लोकतान्त्रिक गणतन्त्रको अधिकारको व्यवहारिक कार्यान्वयन हुन गईरहेको अनुभूतिका साथ गौरवान्वित महशुस गर्दै अन्यायको विरुद्ध न्याय र समानताको निम्ति विभिन्न राजनैतिक आन्दोलनहरुमा जीवन उत्सर्ग गर्नुहुने वीर सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस अवसरमा प्रथम मेयर स्व. उमेशचन्द्र थापालाई स्मरण गर्न चाहान्छु ।

यस गरिमामय सभामा राष्ट्रिय राजनीतिका सफल एवं कुशल नेतृत्व वामपन्थी एवं लोकतान्त्रिक आन्दोलनका सालिन व्यक्तित्व स्व.पुष्पलाल श्रेष्ठ, स्व. विश्वेश्वर प्रसाद कोईराला र स्व. मदन कुमार भण्डारीलाई विशेष स्मरण गर्न चाहन्छु ।

**सभाध्यक्षज्यू,**

राजनीतिक आन्दोलनका उपलब्धीहरुको व्यवहारिकरुपमा कार्यान्वयन गर्नका निम्ति सिंहदरवारको अधिकार, स्थानीय सरकारद्वारा वडा, टोल, वस्ती हुँदै घर-घरको पनि परिवारजनमा पुऱ्याउनु जरुरी छ । तसर्थ प्रथम नगर सभामा तय गरिएका नीति तथा कार्यक्रमलाई तेस्रो नगर सभामा निरन्तरता दिईएको स्मरण गराउँदै पाँचौ नगर सभाले पास गरेका नीति तथा कार्यक्रमलाई आत्मसाथ गर्दै **"समृद्ध पुतलीबजार-सुखी नगरबासी"** को नारालाई कार्यान्वयन गर्ने गरी पाचौ नगर सभाको बजेट केन्द्रित भएको अनुरोध गर्दै यस गरिमामय सभामा आर्थिक बर्ष २०७६।७७ को बार्षिक बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**सभाध्यक्षज्यू,**

सर्वप्रथम म चालु आ.व. २०७५।७६ को जेष्ठ मसान्तसम्मको आय-व्ययको संक्षिप्त समिक्षा पेश गर्न चाहान्छु ।

चालु आ.व.मा आन्तरिक राजश्व (कर, शुल्क र दस्तुर) तर्फ कूल २ करोड ५२ लाख ७० हजार आय हुने अनुमान गरिएकोमा जेष्ठ मसान्तसम्म जम्मा रु. २ करोड २८ लाख ८७ हजार आय प्राप्त भई हाल सम्म लक्ष्य अनुसार ९० प्रतिशत आय भैसकेको र आषाढ मसान्तसम्ममा थप आय बृद्धि लक्ष्य अनुसा आय प्राप्त हुने देखिएको छ । चालु आ.व.मा उठ्ने अनुमान गरिएको केही बक्यौता रकम तथा वडागत सम्पत्तीकर विभिन्न कारण वस लक्ष्य अनुरुप प्राप्ती नभएपनि समग्र आय अवस्था सन्तोषजनक रहेको छ । यस आ.व. मा व्यवसाय कर संकलन गर्नको लागि अभियान नै संचालन गरिएकोले लक्ष्य भन्दा २४१ प्रतिशत आय संकलन गर्न सफल भएका छौं । त्यसै गरी नक्सापास दस्तुर, आय प्रमाणीत दस्तुर, चारकिल्ला प्रमाणीत दस्तुर ढुंगा गिटि वालुवा विक्री कर तथा सडक उपयोग शुल्क जस्ता शिर्षकहरुमा लक्ष्य भन्दा धेरै राजश्व संकलन भएको छ ।

त्यसै गरी चालु आ.व.मा नेपाल सरकारबाट वित्तिय समानीकरण अनुदान तर्फ कूल रु. १३ करोड ३१ लाख राजश्व वांडफांड तर्फ ८ करोड ६७ लाख ४९ हजार, सशर्त अनुदान तर्फ ३१ करोड १७ लाख र

प्रदेश सरकारवाट वित्तिय समानिकरण अनुदान तर्फ रु.१ करोड २४ लाख ७८ हजारको बजेट सिलिङ प्राप्त भएकोमा जेठ मसान्त सम्म सम्पुर्ण रकम निकासा गरी आम्दानी वाँधीसकिएको छ । त्यसै गरी सडक वोर्ड तर्फ ६० लाख अनुमान गरिएकोमा शुरु अख्तियारी ५५ लाख र थप रु.२५ लाख समेत गरी रु. ८० लाख प्राप्त भएको छ । चालु आ.व.का लागि प्रदेश सरकारवाट विभिन्न ८ वटा सडक योजनाको लागि १ करोड ८० लाख समपुरक कोषवाट प्राप्त हुने भएको छ । यसका साथै प्रदेश सरकार भुमि व्यवस्था तथा सहकारी मन्त्रालयवाट कृषी उपज संकलन केन्द्र निर्माणका लागि समपुरषक कोषवाट साझेदारीका लागि रु ४२ लाख, समाजिक विकास मन्त्रालयवाट सार्वजनिक शौचालय निर्माणका लागि साझेदारी कार्यक्रममा ९ लाख ५० हजार समेत नगर सभामा अनुमान गरिए भन्दा बढी रकम प्राप्त भएको छ । यसका साथै निर्वाचन क्षेत्र पुर्वाधार विकास साझेदारी कार्यक्रम वाट ७० लाख तथा जिल्ला समन्वय समितिको विगतको संचित कोषको वांडफांड वाट ७० लाख समेत साझेदारीमा खर्च गर्ने गरी प्राप्त हुने भएको छ । यसका साथै सामाजिक सुरक्षा तर्फ १५ करोड, मालपोत रजिष्ट्रेशनवाट ४६ लाख ७६ हजार, संस्कृति पर्यटन तर्फ ५० लाख, झोलुङ्गे पुल तर्फ ५५ लाख, प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ २७ लाख ३९ हजार, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फ ३० लाख ५ हजार र पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाई परियोजना तर्फ ४३ लाख ५५ हजार समेत प्राप्त हुने भएको छ ।

**सभाध्यक्षज्यू,**

उपरोक्त अनुसार चालु आ.व. का लागि आन्तरिक र बाह्रय स्रोतबाट कुल जम्मा ७३ करोड ३७ लाख १७ हजार आय हुने अनुमान गरिएकोमा थप प्राप्त हुने समेत गरी कुल ८१ करोड ३१ लाख १८ हजार संशोधित आय हुने अनुमान रहेको छ । उक्त संशोधित आय मध्ये जेष्ठ मसान्तसम्म जम्मा ६६ करोड ५० लाख ५९ हजार निकासा भई ५० करोड ९ लाख ११ हजार खर्च भइ सकेको छ भने वांकी निकासा रखर्च हुने क्रममा छन । चालु आ.व.मा नगरपालिकाका केही ठुला योजनाहरु प्रदेश सरकार र संघ सरकारवाट साझेदारीमा संचालन हुने योजनाहरु ढिलो गरी ठेक्का लागेकाले असार महिनामा खर्च हुने क्रममा रहेका छन ।

चालु आ.व.मा नगर सभाबाट पारित भएका नगर गौरवका योजनाहरु मध्ये, स्याङजा बजार हुनिकोट सडक, शित भण्डार शेयर खरीद,वडा कार्यलय हरिपाला सडक, तोरीखोला छरिखोला सडक, विरेन्द्र नगर तटवन्धन तथा र्याले चण्डीस्थान सडक सम्पन्न भइ सकेका छन् भने जार्डखोला पेल्काचौर सडक, प्रगति नगर बहाकोट सडक, उमेशचन्द्र मार्ग, उज्यालो शहर कार्यक्रम, गोदगोदे गुणीखोला नुवाकोट सडक, वाडखोला नयाँबजार मोहरिया सडक, ढुडुवा न्यावरेवारी गैया सडक सम्पनन हुने क्रममा रहेका छन् । भने लामागे फाँट सिँचाइ योजना प्रदेशवाट बजेट परेका कारण, मालेवगर कभर्डहल संघको सझेदारीमा रकम प्राप्त नभएका कारण उक्त योजनाको रकम समपुरक कोष तर्फ व्यवस्था गरिएको छ । यसका साथै वडा र नगर स्तरीय कार्यक्रमहरु करिव ९५ प्रतिशत योजनाहरु यस चालु आ.व.को लक्ष्य अनुसार सम्पन्न भएका छन् केही स साना कार्यक्रम र साझेदारीमा संचालित ठुला योजनाहरु संचालन हुने क्रममा रहेका छन् ।

त्यसै गरी यस आवमा नगर सभावाट पारित उद्यम शिलता विकास कार्यक्रमवाट विभिन्न व्यक्तिहलाई सिलाई कटाई, व्युटिसिएन, कम्प्युटर, आदि तालिमहरु संचालन भएका छन् भने । सिटिइभिटीको साझेदारीवाट व्युटिसिएन, कुक, वारवेर, हाते टेक्टर मर्मत, ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता आदि जस्ता तालिमहरु संचालन भइसकेका छन् । कृषी तथा पशु विकास कार्यक्रमवाट, आलुको विऊ वितरण, धानको विऊ निशुल्क तथा ५० प्रतिशत अनुदानमा वितरण, आई पि.एम पाठशाला संचालन कार्यक्रम सम्पन्न भइसकेका छन भने सुन्तला तथा हाते टेक्टर वितरण कार्यक्रम सम्पन्न हुने क्रममा रहेका छन् ।

यस वर्ष वडा विकास कार्यक्रम तर्फ नगरका सवै वडा मा सामजिक परिचालकहरु नियुक्ति गरी उनिहरुको सहजीकरणमा कुल २९३ वटा टोल विकास संस्था गठन भइ संगठन बचत र सीप मुल मन्त्रलाई आत्मसात गर्दै सामाजिक परिचालहरु, टोल विकास संस्थाका पदाधिकारीहरुको क्षमता विकास तालिम सम्पन्न गरिएको छ । साथै टोल विकास संस्थाहरुले नियमित वचत संकलन, वडा सरसफाई,

योजना संकलन र प्राथमिकीकरण आदि कार्यमा समेत सहजीकरण गरिरहेका छन । यसका साथै टोल विकास संस्थाका माध्यमवाट सीप विकास तालिम, घुम्तीकोष परिचालन आदिको माग समेत भएको छ । घुम्तीकोष माग भएका टोल विकास संस्थामा यसै आर्थिक वर्षभित्र आवश्यकता हेरी लगानी समेत गरिने छ ।

सभाध्यक्ष ज्यु

फोहर मैला व्यवस्थापन तर्फ यस आ वमा फोहर वर्गीकरण गरी कुहिने र नकुहिने फोहर छुट्याउने गरी सरसफाई केन्द्र निर्माणको अन्तिम चरणमा पुगेको छ भने बजारमा फोहरलाई वर्गीकरण गरेर मात्र संकलन गर्न शुरु गरिसकिएको छ ।

यस आ.व. मा निर्वाचन क्षेत्र पुर्वाधार विकास साझेदारी कार्यक्रम तर्फ पुतलीखेत उचियाचौर सडक, तम ह्युल धि भवन, पण्तिथोक खानेपानी योजना र प्रगति नगर बहाकोट काल्खु सडकको बहाकोट काल्खु खण्डमा योजना संचालन भएको थियो भने उक्त योजना हरु मध्ये पुतलीखेत उचियाचौर सडक, तम ह्युल धि भवन, पण्तिथोक खानेपानी योजना सम्पन्न भइसेका छन भने प्रगति नगर बहाकोट काल्खु सडकको बहाकोट काल्खु खण्ड सम्पन्न हुने क्रममा छ ।

प्रदेश सरकारवाट पुर्वाधार विकास साझेदारी कार्यक्रम तर्फ ठुलापधेरा रातमाटा सडक, ढडुवा शहिदगेट मुखियाथर वाटुलेचौर सडक, तोरीखोला भालुकुना सतौं, फापरडांडा- नतेको चौतारा- स्वाँरा- नागडाडा सडक, पुलको मुख- गैरीजाँगर खाल्टे सडक, पोखरा विरौटा दाङलिङ आहाले खण्ड सडक, प्रगनिगर बहाकोट नाम्चे कोल्मा सडक, वाडखोला नयाँवजार मोहरीया दुलेगौडा सडकको लागि बजेट प्राप्ती भएकोमा पुलको मुख गैरीजाँगर खाल्टे सडक र पोखरा विरौटा दाङलिङ आहाले खण्ड सडकमा विविध प्राविधिक कारणले काम हुन सकेन भन्ने अन्य योजनाहरु केही सम्पन्न भइसके भने केही सम्पन्न हुने क्रममा रहेका छन ।

यसै गरी यस वर्ष जिल्ला समन्वय समितिमा साविकमा जिल्ला विकास समितिको कोषमा वाँकी रहेको रकमवाट साझेदारीमा काम गर्ने गरी नगरपालिकाको भवनमा तला थप, ८ नं वडा कार्यालय भवन निर्माण तथा चिनौटखोला गहते आहाल खानेपानी योजनाको लागि ७० लाख प्राप्त भएकोले ती सवै योजनाहरु सम्पन्न हुने क्रममा रहेका छन ।

यसै वर्ष अर्थ मन्त्रालय वाट ३ वटा योजनाहरु ६०/४० को लागत साझेदारीमा सञ्चालन गर्ने गरी रु.२ करोड ४८ लाख प्राप्त हुने भएकोले उक्त योजनहरु ठेक्का लगाई सम्झौताको क्रममा रहेका छन यी योजनाहरु साझेदारीमा रहने भएकोले आगामी आवमा समेत लागत साझेदारीमा रकम व्ययभार हुने देखिएको छ ।

सडकवोर्ड तर्फ यस वर्ष शिवमन्दिर पुतलीखेल अस्पताल सडक र वाडखोला नयाँबजार टक्सार सडकको मर्मत सुधारका लागि ५५ लाख प्राप्त भएकोमा ठेक्का पट्टावाट कार्य सम्पन्न गरी वाँकी रहेको रकम वाट पुन तत् सडकका वाँकी भागमा कार्य थालनी भएको साथै उक्त वोर्ड वाटै थप २५ लाख समेत प्राप्त भएकोले वाडखोला नयाँबजार सडकको तत्रेपिपल खण्डका कार्य भइरहेको छ ।

संस्कृति पर्यटन तर्फ मन्त्रालयवाट प्राप्त ५० लाख शसर्त अनुदान सतौ चण्डीकालिका क्षेत्रमा पर्यटकीय हिसावले पदमार्ग निर्माण भइरहेको छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ प्राप्त हुने रकमवाट विभिन्न ९ वटा योजना छनौट गरी श्रम प्रविधिमा स्थानीय वेरोजगार युवाहरुलाई रोजगार दिने गरी कार्यक्रम संचालन भएका छन् ।

**सभाध्यक्षज्यू,**

अव म यस गरिमामय सभा समक्ष आर्थिक वर्ष २०७६/७७ को आय-व्ययको विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

## आन्तरिक आय तर्फ

सभाध्यक्षज्यू, नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहका एकल आय तथा संयुक्त आय शिर्षहरु तय गरेको छ । स्थानीय सरकार सञ्चालन एने २०७४ अनुसार नगरपालिकाले सम्पत्ति कर र घरजग्गा कर, भूमिकर (मालपोत), घर जग्गा बहाल कर, व्यवसायकर, बहाल विटौरी शुल्क, पार्किङ शुल्क, जडीबुटी, कवाडी र जीवजन्तु कर, तथा सेवा शुल्क र दस्तुर लगाउन पाउने व्यवस्था छ । त्यसै गरी ढुंगा गिटी बालुवा, वन, पर्यटन उद्योग आदिको रोयल्टी प्रदेश सरकारले नोकीदिएको दरमा लगाउन पाउने व्यवस्था छ । पुतलीबजार नगरपालिकाका मुख्य आयका स्रोत भनेका सम्पत्ति कर, व्यवसाय कर, वहाल कर तथा ढुंगा गिटी, वालुवा र सडक उपयोग शुल्क लगायत विभिन्न सिफारिस दस्तुरहरु नै हुन् । यिनै स्रोतका आधारमा आगामी आ.व.मा आन्तरिक स्रोत तर्फबाट कूल रु. २ करोड ६५लाख आय हुने अनुमान गरेको छु । यो अंक आर्थिक वर्ष २०७५/७६ को तुलनामा करीब ४.८६ प्रतिशत मात्र वृद्धि हो ।

**सभाध्यक्षज्यू,**

आन्तरिक स्रोत तर्फ आय अनुमान गर्दा सोसँग सम्बन्धित शिर्षक र दरहरु समेतलाई विश्लेषण गरी पेश गरेको छु । आर्थिक वर्ष २०७५/७६ को लागि आय अनुमान गर्दा चालु आ.व.मा रहेका कुनै पनि करका दरहरु परिवर्तन गरिएको छैन । केही शिर्षहरुमा कार्यान्यवनका अवस्थामा आएका अस्पष्टतालाई मात्र स्पष्ट पारिएको छ । नगरपालिकाले लगाउन पाउने करहरु र यसका दरहरु अनुसूचीमा समावेश गरेको छु ।

त्यसै गरी नेपाल सरकारबाट वित्तिय समानीकरण अनुदान तर्फ रु. १४ करोड २२ लाख, राजश्व बाँडफाँडबाट १० करोड ७० लाख सःशर्त अनुदान तर्फ रु. २९ करोड १० लाख गरी जम्मा रु.५४ करोड २ लाख प्राप्त हुने शिलिङ प्राप्त भएकोले सोही बमोजिम अनुमान गरेको छु । आगामी वर्षको शसर्त अनुदान केही घटी प्राप्त हुने गरी शिलिङ प्राप्त भएको देखिन्छ यसको कारण चालु आ.व मा जिल्ला अस्पताल र जिल्ला आयुर्वेद कार्यालयको बजेट नगरपालिकाकै बजेटमा समावेश भएको र हाल उक्त दुवै कार्यालय प्रदेश अन्तर्गत सञ्चालन हुने भएकोले कमी हुन गएको देखिन्छ तर कुल बजेट भने वृद्धि नै भएको छ । चालु आ.वमा वित्तिय समानिकरण, राजश्व वांडफांड र शसर्त अनुदानको कुल बजेट ५२ करोड ५५ लाख ४९ हजार भएकोमा आगामी आ.व.मा ५४ करोड दुई लाख प्राप्त हुने भएकोले चालु आ.व भन्दा अगामी आ.वमा करीब २.७८ प्रतिशतले वृद्धि हुने देखिन्छ । यसरी नै प्रदेश सरकारबाट वित्तिय समानिकरण अन्तर्गत रु. १ करोड २७ लाख ४९ हजार र राजश्व बाँडफाँडबाट रु. ७८ लाख ५२ हजार र शसर्त अनुदान तर्फ १ करोड गरी जम्मा रु. ३ करोड ६ लाख १ हजार प्राप्त हुने भएको छ । नेपाल सरकारबाट प्राप्त हुने सामाजिक सुरक्षा तर्फ बजेट चालु आ.व.मा नगरपालिकाको बजेटमा नै समावेश गरिएकोमा आगामी आ.व मा नगरपालिकाको विवरण प्राप्त भएपछि कोष तथा लेखा नियन्त्रक कार्यालयवाट सोभै वैंकमा भुक्तानीका लागि जाने भएकोले आगामी आ.व.को लागि नगरपालिकाको बजेटमा समावेश गर्न नपर्ने हुँदा समावेश गरेको छैन भने सडक बोर्ड नेपालवाट चालु आव कै हाराहारीमा प्रस्ताव गर्ने गरी जम्मा रु. ६० लाख समेत प्राप्त हुने अनुमान गरेको छु । यसका साथै चालु आ.व.मा खर्च भइ करीब १ करोड ९८ लाख ५० हजार वाँकी रहने अनुमान रहेको छ । यसरी आगामी आ.वको लागि विभिन्न श्रोत र शिर्षक गरी कुल रु. ६२ करोड ३१ लाख ५१ हजार आय प्राप्त हुने अनुमान गरी पेश गरेको छु । भने चालु आ.व. मा खर्च नभइ वच्ने माथि अनुमान गरे भन्दा बढी रकम, नेपाल सरकार, प्रदेश सरकार तथा अन्य विभिन्न सरकारी निकायवाट विभिन्न शिर्षक तथा कार्यक्रमा रकम प्राप्त भएमा सोही अनुसार समावेश गरीनेछ ।

**सभाध्यक्षज्यू,**

अव म माथि पेश भएको आय अनुमान अनुसार आगामी आ.व.मा खर्च हुने रकमको व्यय विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

नगरपालिकामा आगामी आ.व.को लागि अनुमान गरिएको कूल रु. ६२ करोड ३१ लाख ५१ हजार आय प्राप्त हुने अनुमान मध्ये सशर्त अनुदानको रकम रु.२९ करोड १० लाख सोही सशर्त अनुदान तर्फ र वाँकी रहेको कुल रकम मध्ये चालु खर्चमा रु. १० करोड ३५ लाख ७२ हजार र पूँजीगत तर्फ नगर गौरवका योजना तर्फ ३ करोड ६५ लाख, नगर स्तरीय कार्यक्रममा रु. ११ करोड ३३ लाख ३७ हजार, वडास्तरीय कार्यक्रम तर्फ ४ करोड पचास लाख र समपुरक कोष तर्फ ३ करोड गरी जम्मा १९ करोड ४८ लाख ३७ हजार खर्च हुने गरी विनियोजन गरी पेश गरेको छु ।

राजनीतिक परिवर्तनले मात्रै नगरबासीका आधारभूत आवश्यकता पूरा गर्न सकिँदैन । आधारभूत आवश्यकता पूरा नभएसम्म नगरबासीहरुको मुहारलाई हँसिलो पार्न नसकिने भएको विद्यमान अवस्थामा समाजमा देखिएका कमी कमजोरीलाई बदल्नु जरुरी छ तसर्थ आर्थिक, सामाजिक, संस्कृतिक क्षेत्रमा उल्लेख्य परिवर्तन गरेर मात्र सभ्य समाजको निर्माण गर्न सकिन्छ । सभ्य एवं क्षमतामूलक समाज निर्माण गर्नको लागि हाम्रो जस्तो समाजमा सामाजिक परिचालन समाज रुपान्तरणको महत्वपूर्ण कडी हो तसर्थ सामाजिक परिचालनको माध्यमबाट समाजमा रहेको विभेद, पछौटेपन, गरिवी र वेरोजगारीको न्यूनीकरण एवं अन्त्य गर्न सकिने भएकोले *"आफ्नो काम, आफ्नो रोजगार-कृषि पर्यटन र भौतिक निर्माण हाम्रो आधार"* भन्ने नारालाई कार्यान्वयन गर्नका लागि पुतलीबजार नगरपालिकाभित्रका १४ वटै वडाहरुमा वडा विकास कार्यक्रम सञ्चालन गर्नको लागि रु. १ करोड ५० लाख रकम विनियोजन गरेको छु । उपरोक्त कार्यक्रमबाट समाजमा महिला, एकल महिला, दलित, जनजाति, विपन्न वर्ग, फरक क्षमता भएका व्यक्ति, अल्पसंख्यक जाती र युवा आदि प्रत्यक्षरुपमा लाभान्वित हुने अपेक्षा गरेको छु ।

नगरमा रहेका विभिन्न सडक तथा योजनाहरुलाई लक्ष्यपूर्णरुपमा गुणस्तरीय बनाई सम्पन्न गर्नका लागि केही योजनालाई नगर गौरवका योजनाकारुपमा अगाडि बढाउने लक्ष्य राखी उक्त योजनाहरुलाई रु.३ करोड ८० लाख विनियोजन गरेको छु । नगर गौरवका मुख्य मुख्य योजनाहरुमा पुतलीबजार उज्यालो शहर कार्यक्रम, सामाग्रीचोक नुवाकोट सडक, जार्डखोला पेल्काचौर सडक, गैरीखेत नयाँबजार पौवैगौडे सडक, भालु पहाड - नुवाकोट पर्यटन पूर्वाधार, प्रगतीनगर वहाकोट ग्रामीण सडक लगायत अनुसूचीमा संलग्न १५ वटा योजनाहरु रहेका छन् ।

त्यस्तैगरी मेयरसँग रोजगार कार्यक्रम, कृषि तथा पशु विकास कार्यक्रम, सामाजिक विकास, फोहोर मैला व्यवस्थापन, उद्यमशीलता विकास, औद्योगिक पूर्वाधार विकास, पर्यटन विकास र प्रबर्द्धन, स्वास्थ्य सरसफाइ, नगर विकास योजना, अन्तरपुस्ता शीप हस्तान्तरण लगायत कार्यक्रमलाई नगर स्तरीय कार्यक्रमको रुपमा राखी रु. ७ करोड ७७ लाख २२ हजार बजेट विनियोजन गरेको छु ।

नगर गौरवका योजना र नगर स्तरीय योजनाहरुमा आर्थिक विकास तर्फ जम्मा रु. ३ करोड ९५ लाख ६५ हजार, भौतिक तर्फ ४ करोड २२ लाख ६२ हजार, सामाजिक तर्फ ४ करोड ३५ लाख १० हजार, वन वातावरण तर्फ १ करोड ७९ लाख र संस्थागत विकास तर्फ १३ लाख बजेट विनियोजन गरेको छु ।

वडाका वस्ती स्तरबाट माग भई आएका योजनाहरुलाई वडागत रुपमै प्राथमिकिकरण गरी बजेट विनियोजन गर्न पाउने गरी प्रत्येक वडालाई भुगोल जनसंख्याका आधारमा कुल ४ करोड ५० लाख बजेट विनियोजन गरेको छु । सो अनुसार वडाबाट योजना छनौट र विनियोजन भई आएकोले सो अनुसार नै खर्च हुने गरी बजेट विनियोजन गरेको छु ।

नगरपालिकाबाट पेश हुने नगर गौरवका योजना, नगर स्तरीय योजना, वडा स्तरीय योजनाहरु तथा कार्यक्रमहरुमा विनियोजित कूल पूँजीगतको रकमबाट विपन्न वर्गका महिला, विपन्न वर्गका

बालबालिकाहरु, आदिवासी जनजाति, दलित, अल्पसंख्यक, विपन्न वर्गका जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति लगायतलाई प्रत्यक्ष फाईदा पुग्ने योजनाहरुमा समेत रकम विनियोजन गरेको छु । त्यसैगरी महिला स्वयंसेविकाले स्वास्थ्य क्षेत्रमा सहयोग गरेवापत वार्षिक १२ हजारका दरले भत्ता उपलब्ध गराउने व्यवस्था गरेको छु ।

यसका साथै नगरपालिकालाई प्राप्त हुने अनुदान मध्येको रकमबाट आगामी आर्थिक वर्षका लागि कृषी तथा पशुविकास कार्यक्रम तर्फ १ कारोड विनियोजन गरेको छु भने सशर्त तर्फ रु.१६ लाख ४५ विनियोजन भएको छ ।

त्यसै गरी सशर्त अनुदान तर्फ ऊर्जा, युवा तथा खेलकूद, शिक्षा, स्वास्थ्य, झोलुङगे पुल कार्यक्रम, रोजगार प्रवर्द्धन तथा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन गर्ने गरी कुल रु.२९ करोड १० लाख प्राप्त हुने अनुमान रहेकोले सोही अनुसार खर्च हुने गरी पेश गरेको छु ।

**सभाध्यक्षज्यू,**

प्रस्तुत बजेट तर्जुमाको लागि मार्गनिर्देशन गर्नु हुने नगर प्रमुखज्यू, गाउँ र वस्तीहरुमा योजना छनौट गर्न सहयोग पुर्याउने वडा अध्यक्षज्यूहरु, वडा सदस्यज्यूहरु, राजनैतिक दलहरु, विभिन्न संघ संस्थाहरु, टोल विकास संस्थाहरु, पत्रकार मित्रहरु सबै क्षेत्रका विशिष्टीकृत महानुभावहरु एवं राष्ट्रसेवक कर्मचारीहरुमा म हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु ।

प्रस्तुत आर्थिक ऐन तथा विनियोजन ऐनमा व्यवस्था भएको कार्यक्रम तथा बजेटलाई नगर सभाबाट पारित गरी प्रस्तुत बजेटको सफल कार्यान्वयनमा सकारात्मक सहयोग गर्नुहुन सम्पूर्ण नगर सभासद्ज्यूहरुलाई हार्दिक अनुरोध गर्दछु । साथै बजेटको सफल कार्यान्वयनको क्रममा आवश्यक सहयोगको लागि राजनैतिक दलहरु, विभिन्न संघ संस्थाहरु, पत्रकार मित्रहरु साथै सबै क्षेत्रका विशिष्टीकृत महानुभावहरु एवं राष्ट्रसेवक कर्मचारीहरुमा विशेष अनुरोध गर्दछु ।

धन्यवाद ।

महेश पुरी
उप-प्रमुख

मिति २०७६ साल आषाढ १० गते मंगलवार

# आर्थिक बर्ष २०७६।७७ को

# बजेट वक्तव्य

# पुतलीबजार नगरपालिका

## स्याङ्जा